आज मिति २०७४ श्रावण ८ गते आइतवारका दिन नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री तमबहादुर दरै | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री कल्पना पोखेल | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री नरीमाया थापा | ,, |
| - सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| - बरिष्ठ आलेप अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| - लेखा अधिकृत | श्री मेघनाथ आचार्य | ,, |
| - प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | ,, |
| - इन्जिनियर | श्री रविन्द्रलाल मुल | ,, |
| - कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | ,, |
| - शाखा अधिकृत | श्री कृष्णराज घिमिरे | ,, |

निर्णय नं.१: वडामा पूर्वाधार विकासका लागि छुट्याइएको १ (एक) करोड बजेटको यस अघि नगरसभाबाट पारित योजना मध्येबाट छनौट गरी कार्यान्वयन गर्न १५ दिन भित्र सबै वडा समितिले नगर कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२: कास्की सिद्ध गा.वि.स.को हाल व्यास नगरपालिका वडा नं.१ बस्ने जीवन बहादुर थापाले ऐ.ऐ. को क्यामिन माझफांट माइतीघर बस्ने श्रीमती सिता थापासंग सम्बन्ध विच्छेद गरी पाउं भनी फिराद सरहको निवेदन दिनुभई कानून बमोजिम प्रतिवादी सिता थापाका नाउंमा म्याद जारी गरी प्रतिउत्तरपत्र परी दुवै पक्षलाई तारेखमा राखी पटक पटक छलफल गराउंदा दुवै पक्षले आआफ्नो फिराद र प्रतिउत्तरपत्रमा लेखिएका कुरामा मात्र जोड दिई मिली बस्ने कुरामा दुवै पक्ष सहमत नभएकाले उक्त मुद्दा यस नगरपालिकामा राखी राख्न उपयुक्त नदेखिएको हुंदा उक्त मुद्दाको सक्कल मिसिल सहित सम्मानित श्री तनहुं जिल्ला अदालतमा पठाउने निर्णय गरियो ।

निर्णय नं.३: राज्यको पुनसंरचना हुंदा तनहुं जिल्लाका विभिन्न गा.वि.स. तथा वडाहरु व्यास नगरपालिकामा गाभिन आउंदा ती गाभिएका गा.वि.स.का सम्पत्तिहरु के कति छन् सोको लगत राखी २०७४ भाद्र मसान्त भित्र विवरण सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं.४: निम्नानुसार बोलपत्र मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क) | संयोजक | श्री हरिप्रसाद बास्तोला (कार्यकारी अधिकृत) |
| ख) | सदस्य | श्री मेघनाथ आचार्य (लेखा अधिकृत) |
| ग) | सदस्य | श्री रामचन्द्र हड्खले (प्रशासकीय अधिकृत) |
| घ) | सदस्य | श्री रविन्द्रलाल मुल (इन्जिनियर) |
| ङ) | सदस्य | श्री गोकर्णराज वाग्ले (कम्प्युटर अधिकृत) |
| च) | सदस्य | श्री कृष्णराज घिमिरे (शाखा अधिकृत) |
| घ) | सदस्य सचिव | श्री भेषराज तिवारी (ना.सु.) |

निर्णय नं.५: व्यास नगरपालिका बोलपत्र मूल्यांकन समितिद्वारा मूल्यांकन गरी सम्झौता समेत भै कार्यान्वयन गरी यस बैठकमा अनुमोदनका लागि पेश हुन आएका टेण्डरहरु स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.६: व्यास नगरपालिकामा यस अघि नियमानुसार नक्शा पेश गरी घर निर्माण गर्दा सार्वजनिक जग्गा मिची निर्माण भएदेखि वाहेकका ४ वर्ष भित्र सम्पन्न नलिएकाको हकमा पुन: नक्सा पास दस्तुर लिई नक्सा सम्पन्न प्रमाणपत्र दिने निर्णय गरियो ।

निर्णय नं.७: विश्व आदिवासी जनजाति दिवस मनाउनका लागि रकम माग भै आएकाले सम्बन्धित शीर्षकबाट रु.६०,०००। (साठी हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.८: व्यास नगरपालिका क्षेत्रभित्र गाभिन आएका क्षेत्रहरुमा बनिरहेका पुराना घरहरुलाई नक्साको दायरामा ल्याउनका लागि २०७५ आषाढ मसान्त सम्मका लागि समय दिने र सो क्षेत्रमा नयां निर्माण हुने घरहरु भने भवन मापदण्ड बमोजिम गर्ने निर्णय गरियो ।

निर्णय नं.९: वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्ध आधारभूत मापदण्ड २०७२ र स्थानीय परिवेश समेतलाई मध्यनजर गरी निम्नानुसार लागू गर्ने निर्णय गरियो ।

क) व्यास नगरपालिका विभिन्न वडाहरुमा वस्ती विकास भई सकेका सडक क्षेत्रहरुमा घर निर्माण गर्दा (Ground Coverage) जग्गा उपयोग पतिशत मापदण्ड अनुसार छाड्न र सडक तर्फको मोहोडामा आफ्नै जग्गामा ३ (तीन) फिट पेटी रहने गरी घर निर्माण गर्न दिने ।

(ख) वस्ती विकास हुंदै गरेका तर घरहरु बनिनसकेको क्षेत्रमा नयां घर बनाउंदा नियमानुसार सडक तर्फको सेडव्याक छाडेर नक्सा पास गराउने ।

ग) पृथ्वी राजमार्ग क्षेत्रमा सडक ऐन २०३१ अनुसार २५ मिटर सडक क्षेत्रधिकार छाडी आफ्नै जग्गामा पेटी रहने गरी नक्सा पास गरिदिने ।

घ) घर निर्माण भई सकेका तर नक्सापास भई सम्पन्न हुन बांकीको हकमा मापदण्ड अनुसार सार्वजनिक जग्गा मिचिएको देखिएमा मिचिएको भाग भत्काउन लगाई नक्सा पास दिने ।

ङ) नक्सा पास भएको तर स्वीकृत नक्सा भन्दा बढी तला थप भएको हकमा प्रति स्क्वायर फिट रु.४०। लिई मापदण्ड भित्रैकालाई नक्सा सम्पन्न दिने र बांकीका लागि नियमिति पत्र दिने ।

च) नक्सा पेश नगरी आफ्नै जग्गामा निर्माण भएका घरहरुको हकमा जविाना स्वरुप प्रति स्क्वायर फुट रु.५०। लिई नियमित गरेको पत्र दिने र नक्सा सम्पन्न प्रमाणपत्र दिन रोक लगाउने ।

निर्णय नं.१०: व्यास नगरकार्यपालिकाको मिति २०७४ जेष्ठ २१ गते बसेको बैठकबाट अर्को व्यवस्था नहुंदासम्मका लागि भनी वडा व्यवस्थापन खर्च रु.१५,०००। उपलब्ध गराउने भनी निर्णय भएकोमा सो खर्च अपुग हुने हुंदा रु.५०००। थप गरी रु.२०,०००। (बीस हजार) वडा व्यवस्थापन खर्च मासिक उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त विनियोजित रकम रु.२०,०००। मध्येबाट वडा समितिका सदस्यहरुलाई प्रति सदस्य रु.५००। का दरले संचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।